निर्णय:-

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५९६ मिति २०८०।०१।१९ गतेको राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहको कर्मचारीको सरुवा रद्ध गरिएको सम्बन्धी पत्र बैठकमा आवश्यक कार्यान्वयनका लागि बैठकमा जानकारी गराइयो ।

२. गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको च.नं. ८३४ मिति २०८०।०१।२५ गतेको पत्रसाथ श्रीमान् मुख्य सचिवको अध्यक्षतामा मिति २०८०।०१।१४ गते डेंगु नियन्त्रण सम्बन्धमा सबै संघ, प्रदेश र स्थानीय तहका कार्यालय प्रमुखले आ-आफ्नो कार्यालय परिसरमा प्रत्येक साता शुक्रबारबाट खोज र नष्ट (Search and Destroy) भन्ने नाराका साथ अभियान सञ्चालन गर्न सबैले आ-आफ्नो तर्फबाट प्रभावकारी कार्यान्वयको व्यवस्था मिलाउने ।

३. गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखाको च.नं. १६८७ मिति २०८०।०२।०२ गतेको पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन गर्न भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट *"उपभोक्ताहरुको प्रत्यक्ष उपयोग गरी लाभान्वित नहुने र उपभोक्ताको योगदानको अंश समेत नहुने पुल, ठुला भवन र पिच सडक निर्माण गर्ने जस्ता जटिल प्रकृतिको संरचना निर्माण कार्यमा सम्बन्धित क्षेत्रमा कार्य गरेको दक्षता, विज्ञता, क्षमता र अनुभव नभएका उपभोक्ता समितिबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम सरकारी दस्तावेज कार्य नगर्ने/नगरउने व्यवस्था संशोधनका लागि लेखी पठाउने"* भन्ने सुझाव प्राप्त भएकोले उक्त सुझाव प्रभावकारी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने ।

४. सबै सरकारी कार्यालयका कार्यालय प्रमुखहरुले अनिवार्य रुपमा Official Number राखी अनिवार्य उठाउने र कार्यालय प्रमुखले आफू बिदामा बस्दा जिल्ला प्रशासन कार्यालयला जानकारी दिइ उक्त नम्बर निमित्त प्रमुखलाई बुझाएर मात्र जाने ।

५. सेवाग्राहीहरुको अत्याधिक चाप हुने कार्यालयहरुमा सेवाग्राहीको पहुँचलाई सरलीकरण गरी सेवा प्रवाह गर्ने । असहाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवतीका लागि हेल्प डेस्क स्थापना गरी सेवा प्रवाहको व्यवस्था मिलाउने । अभिलेख व्यवस्थापन लगायतका कुरामा विशेष ध्यान दिने र कार्यालयमा बिचौलियारहित सेवा प्रवाहको व्यवस्था मिलाउने ।

६. सरकारी दस्तावेजमा अधिकृत व्यक्तिको पहुँच हुन नदिने, सरकारी कागजात, पुराना दस्तावेजहरुलाई अभिलेखवद्ध गरी सुरक्षित साथ राख्ने व्यवस्था गर्ने ।

७. सूचनामा सबैको पहुँच स्थापित गर्न सबै सरकारी कार्यालयको काम कारवाही सहितको प्रगति विवरण अद्यावधिक गरी मासिक रुपमा सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावलिL, २०६५ बमोजिम जिल्ला प्रशासन कार्यालयमा पठाउने, त्रैमासिक रुपमा सार्वजनिककरण गरी सूचनामा सबै नागिकको पहुँच स्थापित गर्ने ।

८. आ-आफ्नो कार्यालयको स्वामित्वमा रहेको सरकारी सार्वजनिक जग्गाको संरक्षण/सम्बर्द्धन गर्ने दायित्व भएको सरकारी जग्गाहरुको संरक्षण सम्वर्द्धन हुन नसकेको एवं सरकारी जग्गाको अतिक्रमण हुने गरेको जनगुनासो प्राप्त हुने गरेको सन्दर्भमा आ-आफ्नो मातहतमा रहेकको सार्वजनिक/सरकारी/पर्ती जग्गाको संरक्षण र सम्बर्द्धन एवं सामुदायिक विद्यालयको सरकारी जग्गाको संरक्षण सम्बर्द्धन गर्ने, अतिक्रमण भए हटाइ संरक्षण गर्ने साथै त्यस्ता सम्पूर्ण जग्गाको लगत संकलन गरी सोको विवरण यस कार्यालयलाई समेत उपलब्ध गराउने ।

९. जल तथा मौसम विज्ञान विभाग, कृषि अनुसन्धान निर्देशनालयलगायतले गर्ने मौसमको पूर्व अनुमानित जानकारी जिल्ला प्रशासन कार्यालयको DEOC मा समेत लिंक गरी सबै स्थानीय तहसम्म पठाpने ।

१०. विकास निर्माणका कार्यः समयमा गरी पूँजीगत खर्च बढाउने, विकास निर्माणका कार्यमा सबै तहबीच समन्वय र सहकार्य गरी लागत अनुमान अनुसार गुणस्तरीय कार्य गर्ने ।

११. ढुङ्गा, गिट्टी, बालुवाको अनाधिकृत उत्खनन् दोहन भएको भन्ने उजुरीहरु आएको हुनाले कानून विपरीत यस्ता कार्य रोक्न सबै सरोकारवाला निकायलाई अनुरोध गर्ने ।

१२. आ-आफ्नो कार्यालय, स्थानीय तह, सहरी क्षेत्रहरुमा रहेका ढलहरुलाई मनसुनजन्य विपद् जोखिमबाट सुरक्षित राख्नका लागि सफा गर्ने, फोहोर हटाएर बाढीबाट जोखिम हुन नदिने र आपतकालीन नदी नियन्त्रणहरु सिंचाइ कार्यालयको समन्वयमा सम्पन्न गर्ने ।